अर्जुनधारा नगरपालिका

## नगर कार्यपालिकाको बैठक

बैठक संख्याः

मितिः२०७७/०२/२०

उपस्थितिः

| | | | |
|---|---|---|---|
| नगर प्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भूर्तेल | सचिव | |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | सदस्य | |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | सदस्य | |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | सदस्य | |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | सदस्य | |
| कार्यपालिका सदस्य | श्री दिलिप गुड्ग | सदस्य | |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| ~~कार्यपालिका सदस्य~~ | ~~श्री लक्ष्मी तामाङ्ग~~ | ~~सदस्य~~ | |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| | | | |

१. नेपाल सरकारले तय गरेको समृद्ध नेपाल सुखी नेपाली को अभियानलाई सार्थक तुल्याउन तिन खम्बे आर्थिक नीतिलाई अंगिकार गर्दै यस नगरपालिकाले नगरका सहकारी संस्था,उद्योग वाणिज्य संघ,चेम्बर अफ कमर्स आदि संघ संस्थासँग विभिन्न समयमा गरिएको वार्ता छलफल तथा अन्तरक्रियाबाट कृषिमा आधारित यस नगरपालिकामा कृषि उपज वस्तुहरुको व्यवसायिकरण,उत्पादन प्रवर्द्धन र औद्योगिकरण उन्मुख गराउनु आवश्यक रहेको ठहर गरिएको हुँदा उक्त कार्यलाई थप अध्ययन गर्न देहायानुसार गर्ने ।

क. उक्त विषयमा थप अध्ययन गरी प्रतिवेदन पेश गर्न निम्नानुसारका पदाधिकारीहरुलाई जिम्मेवारी दिने ।

श्री पदमलाल राई, अधिकृत,पशुपंक्षी मत्स्य तथा कछुवा विकास शाखा

श्री प्रेम सागर सापकोटा, प्रतिनिधि,नगर सहकारी महासंघ

श्री राजेन्द्रप्रसाद खरेल, प्रतिनिधि,सहारा साकोस

श्री टि एस प्रधान, प्रतिनिधि,कर्णाली साकोस

श्री उमा थापा, प्रतिनिधि,महिला चेतना साकोस

श्री नविन गट्टानी, स्थानीय उद्योगी प्रतिनिधि

श्री रुद्रमणी श्रेष्ठ, स्थानीय व्यापारी प्रतिनिधि

ख. उद्योग स्थापनाका लागि आवश्यक जग्गाको अर्जुनधारा नगरपालिका अन्तर्गत टाङटाङ नदि किनारमा रहेको अनुमानित १५ विघा ऐलानी पर्ती जग्गालाई प्रयोग गर्ने ।उक्त जग्गासम्म पुग्नका लागि शनिश्चरे खुदुनाबारी सडकको १०० मी उत्तर करिब २३०० मिटर अर्को सडकसँग जोड्न निर्माण गर्नुपर्ने भएकाले उक्त सडक निर्माणका लागि प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।उक्त जग्गा संरक्षणका लागि करिब ६०० मिटर स्पर बाँध्नुपर्ने भएकाले उक्त स्पर बाँध्नका लागि राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिसँग अनुरोध गर्ने ।

२. अर्जुनधारा नगरपालिका वडा नं ४ र ७ मा पर्ने मदन आश्रित मार्ग कालोपत्रे गर्नका लागि चालु आर्थक वर्षमा ठेक्का बन्दोवस्त गरिएकोमा ,उक्त ठेक्का तोकिएको रकम भन्दा न्यून रकममा बन्दोवस्त भएकाले बचत रकमबाट मदन आश्रित मार्गकै बाँकी भाग कालोपत्रे गर्नका लागि आवश्यक प्रक्रिया अघि बढाउने ।साथै,वडा नं ९ को प्राथमिक स्वास्थ्य केन्द्र अगाडी ३०० मी सडक तथा मिलन चौक पूर्व कालिस्थान सम्म जोड्ने सडक कालोपत्रे गर्नका लागि ठेक्का बन्दोवस्त गर्दा बचत भएको रकमबाट समेत सोही सडकको बाँकी भाग कालोपत्रे गर्नका लागि आवश्यक प्रक्रिया अघि बढाउने ।

३. चालु आर्थक वर्षका लागि प्रदेश सरकारबाट सवारी कर बाँडफाँड बापत प्राप्त हुनुपर्ने रकम रु १ करोड ४७ लाख रुपैया हाल सम्म प्राप्त नभएकाले उक्त रकम उपलब्ध गराइदिन प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।

४. आगामी आर्थिक वर्ष २०७७/०७८ का लागि प्रदेश समपूरक कोष तथा सशर्त अनुदानबाट सञ्चालन गर्नका लागि देहायका योजनाहरु छनौट गरी पठाउने ।

क. अर्जुनधारा ४ र ७ मा पर्ने निर्माणाधिन मदन आश्रित मार्गको बाँको खण्ड कालोपत्रे अनुमानित १३ किमी

ख. अर्जुनधारा १ मा पर्ने मदनपुर हलुवागढ सामुदायिक वनको कार्यालय हुँदै वर्खे खोल्सी सम्म प्रस्तावित मदन भण्डारी मार्गबाट विरान गौमुखी हुँदै फर्से बारी जाने जनयुद्ध मार्ग कालोपत्रे अनुमानित ९ किमी

ग. लक्ष्मीपुर साधुटार शहिद राजन गिरी मार्गको अधुरो कालोपत्रे सम्पन्न गर्न ।(विगतमा RAP3 द्वारा सञ्चालित )

घ. वडा नं ८ शनिश्चरे बजारमा रहेको कृषि उपज बजार व्यवस्थापनका लागि टहरा आदि निर्माण गर्न ।

ङ. नगरपालिकाका सबै वडा जोड्ने बाहिरी तथा भित्री चक्रपथमा पर्ने ६० कि.मी. सडक कालोपत्रे ।

च. प्रत्येक वडा जोड्ने टोल टोलका सडक ग्राभलिङ्ग गर्ने ।

५. आर्थिक वर्ष २०७७/०७८ का लागि कृषि तथा पशुपंक्षीसँग सम्बन्धित निम्न योजनाहरु प्रदेश सरकार सँगको निम्नानुसार साझेदारीमा सञ्चालन गर्न प्रदेश सरकारसँग प्रस्ताव गर्ने ।

क. १०० थान बोरिङ्ग ,७०प्रतिशत प्रदेश सरकार,१५ प्रतिशत नगरपालिका र १५ प्रतिशत उपभोक्ता समिति ।

ख. ५० थान इनार बोरिङ्ग, ७०प्रतिशत प्रदेश सरकार,१५ प्रतिशत नगरपालिका र १५ प्रतिशत उपभोक्ता समिति ।

ग. तरकारीको भण्डारणका लागि शीत भण्डार निर्माण गर्नका लागि,७० प्रतिशत प्रदेश सरकार,३० प्रतिशत नगरपालिका ।

हरी कुमार राना मगर
नगर प्रमुख

घ. वडा नं २ मा चिलिङ्ग सेण्टरको भवन निर्माणका लागि ७०प्रतिशत प्रदेश सरकार,१५ प्रतिशत नगरपालिका र १५ प्रतिशत उपभोक्ता।

ङ. बोयर बाख्रा श्रोत विकास कार्यक्रम ५०प्रतिशत प्रदेश सरकार,२५ प्रतिशत नगरपालिका र २५ प्रतिशत उपभोक्ता।

च. लोकल कुखुरा प्रवर्द्धन कार्यक्रम (ह्याचरी स्थापना) ८०प्रतिशत प्रदेश सरकार,२० प्रतिशत नगरपालिका

छ. माछामासु पसल सुधार तथा बजारिकरण कार्यक्रम ५० प्रतिशत प्रदेश सरकार,५० प्रतिशत नगरपालिका।

ज. रेबिज रोग नियन्त्रण कार्यक्रम, ५० प्रतिशत प्रदेश सरकार ,५० प्रतिशत नगरपालिका

झ. पशुपकेट अन्तर्गत दुग्ध व्यवस्थापन कार्यक्रम (थप चिस्यान केन्द्र स्थापना) ५० प्रतिशत प्रदेश सरकार, ५० प्रतिशत नगरपालिका।

ञ. धान मकै तरकारी बालीलाई उत्पादन प्रशोधन र बजारीकरण गर्नका लागि पकेटको रुपमा विस्तार गर्ने ५० प्रतिशत प्रदेश सरकार, ५० प्रतिशत नगरपालिका।

६. अर्जुनधारा नगरपालिकाका २८ वटै सामुदायिक विद्यालयहरुमा अंग्रेजी तथा कम्प्युटर विज्ञान विषयमा स्वयंसेवक शिक्षक राख्न,विद्यालयहरुमा कम्प्युटर प्रयोगशाला स्थापना तथा विद्यालयको चुहिने छाना फेर्नका लागि नगरपालिकाले २५ प्रतिशत खर्च व्यहोर्ने गरी सामाजिक विकास मन्त्रालयसँग बजेट माग गर्ने।

७. अर्जुनधारा १ मा रहेका विभिन्न खानेपानीको मुहान संरक्षण, वडा नं ४ र ७ का करिब ३००० बिघा जमिन सिँचाई तथा बिरिङ्ग खोलामा बगेर आउने नदिजन्य सामाग्रीको संरक्षणका लागि बिरिङ्ग खोलामा चेक ड्याम निर्माण गर्नु अति आवश्यक रहेकाले चेक ड्याम निर्माणका विएनएस कन्सल्टेन्सीले तयार गरेको विस्तृत परियोजना प्रतिवेदन सहित लागि प्रदेश सरकार समक्ष अनुरोध गर्ने।

८. देहायका योजनाहरु सञ्चालन गर्नका लागि आगामी आर्थिक वर्षमा भुक्तानी हुने गरी निम्नानुसार बजेट विनियोजन गर्ने।

क. वडा नं १ लट्टेखर्कमा २ वटा स्पर बाँध्नका लागि प्रति स्पर १ लाखका दरले रु २ लाख मात्र।

ख. वडा नं ४ दहिझोडा सुकुम्वासी बस्तीमा २ वटा स्पर बाँध्नका लागि प्रति स्पर १ लाखका दरले रु २ लाख मात्र।

ग. वडा नं ३ भानु आ वि को छेउ २ वटा स्पर बाँध्नका लागि प्रति स्पर १ लाखका दरले रु २ लाख मात्र।

घ. वडा नं ७ को कुलो मर्मत गर्न रु ४० हजार मात्र।

ङ. माता मन्दिर मिलन चौक सडकको १५५ मिटर बाँकी भाग कालोपत्रे गर्नका लागि उक्त सडक ठेक्काको लगत स्टमेट अनुसार।

च. वडा नं ११ बसपार्कको भित्री सडक कालोपत्रे गर्नका लागि रु ५ लाख।

छ. वडा नं ४ ज्येष्ठ नागरिक मिलन केन्द्रमा लत्ता कपडा,खाट तथा अन्य सामाग्री खरिद गर्न रु १ लाख ५० हजार मात्र।

ज. वडा नं ११ नमुना सामुदायिक वनमा माछा पोखरी निर्माण २ लाख

९. प्रदेश सरकार अन्तर्गत पूर्वाधार विकास कार्यालय झापाबाट यस नगरपालिकामा सञ्चालन भई रहेका विभिन्न विकास आयोजनाहरु लकडाउनका कारण स्थगित भएकोमा उक्त आयोजनाहरु सुचारु गर्न अनुरोध गर्ने।

१०. नेपाल सरकारले घोषणा गरेको लकडाउन तथा त्यसले पारेको प्रभावलाई व्यवस्थित गर्न देहाय बमोजिम गर्ने।

क. नगरपालिका भित्रिने नाकाहरुलाई थप व्यवस्थित गर्ने।सोको समन्वय सम्बन्धित वडा कार्यालयले गर्ने।

ख. जनचेतनामूलक कार्यक्रमलाई थप तिव्रता दिई प्रभावकारी बनाउने।

ग. अर्जुनधारा नगरपालिकाका सबै जनप्रतिनिधिहरुको मासिक सेवा सुविधाबाट रकम कट्टा गरी रु १ लाख बराबरको कोरोना विमा गर्ने।

घ. नगरपालिकाका स्वास्थ्यकर्मी तथा कोभिड १९ प्रकोप रोकथामका लागि प्रत्यक्ष रुपमा खटिएका अन्य कर्मचारीहरुको रु १ लाख बराबरको कोरोना विमा गरिदिने।अन्य कर्मचारीहरुको समेत विमाका लागि ५० प्रतिशत रकम नगरपालिकाले व्यहोर्ने।

हरी कुमार राना मगर
नगर प्रमुख

ङ. नगरपालिकाद्वारा गठित सूचना तथा सञ्चार समिति, युवा समिति,भाषा कला साहित्य समिति,युवा समिति लगायत विभिन्न समितिमा रहनु भएका राजनैतिक दल,सामाजिक संस्थाका प्रतिनिधि,टोल सुरक्षा सहजीकरण समिति तथा टोल विकास समितिका पदाधिकारीको विमा गर्न जनही रु १५० नगरपालिकाको तर्फबाट उपलब्ध गराउने ।

च. नगरपालिकाले सवारी साधन सञ्चालनका लागि अपनाएको जोर विजोर प्रणाली संशोधन गरी शनिबार बाहेक अन्य दिनमा सञ्चालनको व्यवस्था मिलाउने ।

छ. यस नगरपालिकामा बाहिर बाट आउने व्यक्तिहरुबाट संक्रमणको जोखिम रहेकाले बाहिरबाट भित्रिने व्यक्तिहरुको निगरानी गर्ने,कोही व्यक्ति बाहिरबाट भित्रिएमा तुरुन्त जानकारी गराउन अपिल गर्ने ।

ज. लकडाउनको समयमा नगरपालिकाले विपन्न वर्गका लागि वितरण गरिएको राहत सामाग्रीमा भएको खर्चको शोधभर्नाका लागि प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।

११. संघीय सरकार तथा प्रदेश सरकारबाट सञ्चालित विभिन्न कार्यक्रम अन्तर्गत यस नगरपालिकामा प्राप्त अनुदानबाट चालु आर्थिक वर्षमा सञ्चालित योजनाहरु समयमै सम्पन्न गर्नका लागि योजना अनुगमनलाई तिव्रता दिने ।

१२. अर्जुनधारा नगरपालिका वडा नं ८ मा निर्माणाधिन सब्जी बजारको निर्माण कार्य सम्झौता अवधि (२०७७ आषाढ २७) मै सम्पन्न गर्नका लागि निर्माण व्यवसायीलाई ताकेता गरी अनुरोध गर्ने ।

१३. वर्षातका कारण सडक अवरुद्ध हुन सक्ने तथा तुरुन्त मर्मत गर्नुपर्ने किसिमका सडकहरु मर्मत गर्नका लागि यस नगरपालिकाको ट्रिपर प्रयोग गरी तुरुन्त मर्मत कार्य अघि बढाउने ।आवश्यक पर्ने अन्य सामाग्री कार्यालयबाट व्यवस्थापन गर्ने ।

१४. चालुआर्थिक वर्षमै सम्पन्न गर्ने नगरपालिकाको आन्तरिक आय,वित्तीय समानिकरण र राजश्व बाँडफाँडको रकमबाट सञ्चालित विकास निर्माणसँग सम्बन्धित विभिन्न योजनाहरु लकडाउनका कारण समयमै सम्पन्न गर्ने अवस्था नरहेकाले देहायानुसार गर्ने ।

क. पुँजिगत प्रकृतिका भौतिक निर्माणसँग सम्बन्धित सम्पूर्ण योजनाहरु सञ्चालन गर्नका लागि आगामी आर्थिक वर्षको कार्तिक मसान्त सम्मका लागि म्याद थप गर्ने ।

ख. यस नगरपालिका अन्तर्गत विभिन्न शाखा तथा वडा समितिको बजेट अन्तर्गत रहेका तालिम गोष्ठी लगायतका प्रवर्द्धनात्म प्रकृतिका कार्यक्रमहरु लकडाउनको समयमा सञ्चालन गर्न सक्ने अवस्था नरहेकाले ती योजनाहरु चालु आर्थिक वर्षमा सञ्चालन नगर्ने । ती कार्यक्रमहरुमा रहेको रकम फ्रिज गर्ने ।

ग. संघीय तथा प्रदेश माननीय ज्यूहरुबाट विनियोजन भएका तालिम गोष्ठी तथा त्यस्तै प्रकृतिका कार्यक्रमहरु समेत सञ्चालन गर्न सक्ने अवस्था नरहेकाले उक्त कार्यक्रमहरुमा विनियोजित बजेट रकमान्तर गरी नगरपालिकाको विपद व्यवस्थापन कोषमा जम्मा गर्न अनुरोध गर्ने ।सञ्चालन हुन नसकेका त्यस्ता कार्यक्रमहरुलाई नगरपालिकाले आगामी वर्षको बजेट तथा कार्यक्रम मार्फत सम्बोधन गर्ने ।

१५. स्वास्थ्य चौकी खुदुनाबारीको एम्बुलेन्स मर्मतमा भएको खर्च भुक्तानी गरी उक्त एम्बुलेन्सलाई नेपाल सरकारले तोके अनुसार आल्मुनियम पार्टेसन गर्ने ।

१६. वडा नं ३ मा प्रयोग भएको रेबिजको खोप खरिदको खर्च बिल बमोजिम सम्बन्धित वडाको विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी भुक्तानी उपलब्ध गराउने ।

१७. अर्जुनधारा नगरपालिकामा बाह्य खोप केन्द्र भवन निर्माणका लागि अनुदान प्राप्त भएकोमा हाल भवन निर्माण गर्ने अवस्था नरहेकाले उक्त रकमबाट निर्माणाधिन वडा नं २ को सहकाले र वडा नं १० को कालिझोडामा रहेको खोप केन्द्र भवनमा थप गर्ने ।

१८. नदिजन्य मजदुरहरुले संकलन गरी नदिमै स्टक गरेका नदिजन्य सामाग्रीहरुको सम्बन्धित वडा समिति तथा प्राविधिकको अनुगमन सिफारिसका आधारमा मौज्दात प्रमाणित गर्ने । ।साथै,मौज्दात प्रमाणित नगराई कुनै सवारी साधनले सामाग्री ढुवानी गरिएको भेटिएमा नगरपालिकाले तोके अनुसारको जरिवाना गर्ने ।सोका लागि सुरक्षा निकायलाई पत्राचार गर्ने ।

१९. वडा नं ७ मा रहेको महिला चेतना बहुउद्देश्यीय सहकारी संस्थालाई आगामी आर्थिक वर्षमा भुक्तानी हुने गरी तथा उक्त संस्थाले पेश गरेको कार्यक्रम बमोजिम उक्त रकम २ वर्ष भित्रमा नगरपालिकालाई फिर्ता गर्ने गरी रु ५ लाख विनियोजन गर्ने ।

२०. निम्न स्थानहरुमा देहायानुसार ह्युमपाइप उपलब्ध गराउने ।

हरी कुमार राना मगर
नगर प्रमुख

क. वडा नं ८ नारायण चौक हात्तिकिल्ला सडक पूर्व तर्फ जाने शाखाबाटोमा 45 MM को १ थान

ख. वडा नं ११ पुरानो तेल मिल बुट्टाबारीमा 45 MM को २ थान

२१. अर्जुनधारा नगरपालिका भएर बहने नदिहरुबाट नदिजन्य सामाग्री उत्खननका लागि ठेक्का बन्दोवस्त गर्नका लागि उक्त क्षेत्रहरुको प्रारम्भिक वातावरणीय परीक्षण (आइइइ) गर्नुपर्ने भएकाले उक्त कार्यका लागि रु ५ लाख लागतमा नबढ्ने गरी कार्य अघि बढाउने।

२२. अर्जुनधारा नगरपालिका कृषिमा आधारित नगर हुनुका साथै पर्या पर्यटनको समेत प्रचुर सम्भावना बोकेको नगरपालिका भएकाले यस नगरपालिका र इलामको माइ नगरपालिकाको साठीमुरेको भित्तामा एसियाका ज्योति भगवान गौतम बुद्धको प्रतिमा प्रतिस्थापनका करिब १० करोड लागत लाग्ने देखिएकाले उक्त वृहत परियोजना संघ प्रदेश र स्थानीय सरकारको साझेदारीमा योजना अघि बढाउन विशेष रुपमा पहल गर्ने।

हरी कुमार राना मगर
नगर प्रमुख